## आर्थिक वर्ष २०८१/०८२

# नीति तथा कार्यक्रम

हिलिहाङ गाउँपालिका

२०८१

यस गरिमामय गाउँसभामा उपाध्क्षज्यू, सभासचिवज्यू, सम्पूर्ण सभासदस्यज्यूहरू, अधिकृत तथा कर्मचारीहरू, उपस्थित सञ्चारकर्मीहरू एवम् सरोकारवाला निकाय तथा अन्य उपस्थित सम्पूर्ण महानुभावहरू ।

१. नेपाली जनताको वलिदानीपूर्ण संघर्षबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानले गरेको राज्य पुर्नसंरचनापछि स्थापित तीन तहको सरकार मध्येको एक स्थानीय सरकारको रूपमा हिलिहाङ गाउँपालिकाको गाउँसभाको सोह्रौं अधिवेशनमा तपाईं सम्पूर्णमा हार्दिक स्वागत गर्दछु । स्वतन्त्रता र स्वायत्तताको लागि भएको जनक्रान्ती, सशस्त्र संघर्ष र विभिन्न समयको जनआन्दोलनमा सहादत प्राप्त गर्ने सहिदहरूप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।

२. जनताको प्रत्यक्ष सहभागिता रहने स्थानीय सरकारको प्रमुखको रूपमा आफ्नो अमूल्य मत दिई निर्वाचित गराउनु हुने गाउँसभाका सबै सदस्यहरूलाई गाउँपालिकाको विकासमा जोडिने अवसर दिनुभएकोमा सबै गाउँपालिकाबासीहरूमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु ।

३. प्रथम निर्वाचित जनप्रतिनिधिहरूबाट गाउँपालिका विकासका लागि बसालेको जगमा इट्टा थप्दै निर्वाचनका बेला गरिएका प्रतिवद्धता अनुरूप गाउँपालिकाको समग्र विकास गर्ने ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्ने दायित्व अनुरूप हाल हामी अहोरात्र खटिएको जगजाहेरै छ । उपलब्ध साधन श्रोत, संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको अनुदान, गाउँपालिकाको आफ्नै आन्तरिक आयश्रोत, कर्मचारी प्रशासन र सम्पूर्ण गाउँपालिकाबासीहरूको न्यानो साथ एवम् विभिन्न दातृ संघ/संस्था तथा निकायसँगको सहकार्यको साथमा मतदाताहरूले सुम्पिएको यो ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्ने प्रतिवद्धता पुन: व्यक्त गर्दछु।

४. देशको विद्यमान आर्थिक तरलताको प्रभावबाट हामी पनि अछुतो छैनौँ यसैबिच चौपायहरूमा महामारीका रूपमा देखिएको लम्पी स्किन रोग तथा बाढी पहिरो आदि जस्ता प्रकोपहरूसँग हामी निरन्तर जुधिरहेका छौँ । यद्यपि सीमित स्रोत साधनको समुचित परिचालन गरी समयस्याको समाधान तथा पुर्नउत्थानका प्रयासहरू जारी राख्दै आगामी तीन वर्षभित्र देशकै नमूना पूर्वाधारयुक्त पालिकाको रूपमा यस हिलिहाङ गाउँपालिकाको विकासको गतिलाई अघि बढाउने प्रण गर्दछु।

**गाउँसभाका सदस्यज्यूहरू,**

५. अब म हिलिहाङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रम तपाईंहरू समक्ष पेश गर्दैछु । यी नीति तथा कार्यक्रम नेपालको संविधानको भाग ४, धारा ४९, ५० र ५१ अनुसार राज्यले तय गरेको निर्देशक सिद्वान्त, नीति तथा दायित्वलाई पूरा गर्ने एक तहको रूपमा स्थानीय तह रहेको यथार्थलाई स्वीकार गर्दैं प्रस्ताव गरिएको छ ।

६. नेपालको संविधान, दिगो विकास लक्ष्य, सोह्रौं आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा प्रदेश सरकारको आवधिक योजना, स्थानीय तहको विगतका नीति तथा कार्यक्रम र हालसम्म प्राप्त उपलब्धि तथा अनुभव, हिलिहाङ गाउँपालिकाको दोश्रो पञ्चवर्षीय योजना, श्रोत साधनको उपलब्धता, यस स्थानीय तहको आवश्यकता एवम् नागरिकको माग र चाहनालाई मध्यनजर गर्दै स्थानीय सरकारले यो नीति तथा कार्यक्रम तयार गरेको छ ।

७. स्थानीय तहको निर्वाचनका बेला हिलिहाङ गाउँपालिकालाई देशकै नमूना पूर्वाधार सहितको स्थानीय सरकारको रूपमा स्थापित गर्ने परिकल्पनालाई साकार पार्न आवश्यक पूर्वाधार निर्माण र सेवाक्षेत्रमा सुधारलाई मुख्य प्राथमिकतामा राखी नीति तथा कार्यक्रम निर्माण गरेको छु । चुनावी घोषणापत्रमा समावेश गरिएका सबै विषय यसै वर्षको कार्यक्रममा समेट्न नसकिए पनि परिकल्पना अनुरूप नीति निर्माण गरी पूर्वाधार र वातावरण तयार गर्दै जानेगरी नीति तथा कार्यक्रम निर्माणलाई जोड दिइएको छु ।

८. आगामी आर्थिक वर्षको हिलिहाङ गाउँपालिकाको समग्र विकास पूर्वाधार निर्माण र प्राथमिकताक्रम निर्धारण गर्न बृहत सुझाव संकलन, पालिका तथ्यांक संकलन एवम् प्रोफाइल निर्माण गर्ने कामलाई अघि बढाइनेछ । प्रथम कार्यकालमा निर्मित हिलिहाङ गाउँपालिकाको पाँच वर्षे आवधिक विकास योजनाको प्रगति समीक्षा गर्दै दीर्घकालीन र अल्पकालीन योजना प्राथमिकीकरण गरी सिलसिलाबद्ध विकास अभियान सञ्चालन गर्ने गरी वार्षिक नीति तथा कार्यक्रम तय गरिएको छ ।

९. हिलिहाङ गाउँपालिकाको ७ वटै वडाहरूमा विकासका पूर्वाधार निर्माण गरी चुस्त स्थानीय सरकार सञ्चालन गर्न विभिन्न विषयमा प्राथमिकता निर्धारण गरिएको छ।

**उपस्थित सभा सदस्यहरू,**

**अब म चालू आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त केही उपलब्धिहरू संक्षेपमा उल्लेख गर्न चाहन्छु ।**

१. गाउँपालिकाको विकासका लागि पूर्वाधारका हिसाबले व्यापक समस्याहरू विद्यमान रहे तापनि हिलिहाङ गाउँपालिकाको दोस्रो निर्वाचित जनप्रतिनिधिका रूपमा हामीले सेवा प्रवाह र पूर्वाधार विकासमा उल्लेख्य उपलब्धि हासिल गरेका छौँ । गाउँपालिकाको यातायात क्षेत्रको समग्र विकासका लागि सडक गुरुयोजना निर्माण गरी ठोस कार्ययोजनाका साथ हामी अघि बढेका छौँ । यसका साथै संघीय तथा प्रदेश सरकारबाट कार्यन्वयनका चरणमा रहेका सडक योजना समयमा नै सम्पन्न हुने गरी निरन्तर समन्वय,सहकार्य तथा सहजीकरण गरेका छौँ ।

२. निर्वाचित भए लगत्तै पालिकाको शासन सञ्चालन तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्नका लागि प्रशासकीय भवन निर्माण कार्यलाई तदारुकताका साथ अघि बढाइएको छ । यसैगरी ७ नं. वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ ।

३. कर्मचारी प्रशासन सुधार तथा प्रदेश लोकसेवा आयोगको समन्वयमा अधिकृत तथा कर्मचारीहरू पदपूर्तिको काम गरेका छौँ। यससँगै वडा कार्यालयहरूमा वडा सचिव लगायत आवश्यक कर्मचारीहरूको पदपूर्ति गर्नका लागि थप जनशक्ति माग गरेका छौँ । स्वास्थ्य क्षेत्रमा सुधारका लागि सामुदायिक स्वास्थ्य इकाई, स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसारको पदपूर्ति, पूर्ण खोप कार्यक्रम सञ्चालन गरी पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको छ। यसैगरी सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम आवश्यक औषधी तथा उपकरणको प्रबन्ध गरिएको छ।

४. सेवा प्रवाहमा चुस्तता, पूर्वाधार विकासमा उल्लेख्य प्रगति, आवश्यकता र मागको सिद्धान्तमा आधारित बजेट व्यवस्थापन गर्दै स्थानीय सरकारको संस्थागत संरचना विकासमा हामीले यो वर्षमा नतिजामुखी परिणाम हासिल गरेका छौँ। हिलिहाङ दरबार निर्माण सम्पन्न भई त्यस स्थानलाई पर्यटनको केन्द्रको रूपमा विकास गर्ने गरी पूर्वाधारहरू आगामी वर्षहरूमा थप गरिनेछ। प्रशासकीय भवनको निर्माणका क्रममा देखिएको कानुनी समस्या समाधान गरी बोलपत्र आव्हान भईसकेको र आगामी २ वर्षमा निर्माण सम्पन्न हुने गरी बजेटको सुनिश्चितता समेत गरिनेछ। स्थानीय सरकारको नियमित बजेट भन्दा थप बजेट विभिन्न श्रोत, साझेदारहरू र दातृ निकायबाट प्राप्त गरी हामीले पालिकालाई समृद्धि र समुन्नतितर्फ अघि बढाएका छौँ।

५. शैक्षिक गतिविधिलाई नियमित गर्नका लागि वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी लागू गरिएको छ। प्रारम्भिक बाल विकास र शिक्षा सवलीकरण तथा सबैको पहुँच कायम हुने गरी १० वटा प्रारम्भिक बालविकास केन्द्रहरू थप भई सञ्चालनमा रहेका छन्।

६. विद्यालयहरूमा पुस्तकालय निर्माण, विज्ञान प्रयोगशालाको निर्माण गर्नुका साथै गत वर्षबाट सिरिजंग मा.वि. गोपेटारमा प्राविधिक शिक्षाको पठन पाठन शुरु गरेका छौँ। विद्यालयको पठन पाठन तथा परीक्षा प्रणालीमा सुधार ल्याउन निरन्तर अनुगमन तथा सुपरिवेक्षण प्रणालीमा जोड दिएका छौँ। विद्यार्थी संख्य न्यून भएका समुदायमा आधारित बालबिकास केन्द्रहरूलाई विद्यालयमा आधारित बालविकास केन्द्रमा परिणत गरी थप व्यवस्थित र मजबुत पार्दै लगिएको छ।

७. पालिकाबासीको अपेक्षा र महत्वकांक्षा असीमित छ, तथापि हामी निर्वाचित भएर आए पश्चात् गरेका काम, बजेट विनियोजन र कार्यान्वयनको परिणाम मापनयोग्य बनेको छ। स्थानीय मामिलामा विज्ञ, देशका प्रतिष्ठित विज्ञहरू र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वमूल्यांकन मानकमा हिलिहाङ गाउँपालिकाले राम्रो अंक प्राप्त गरी हामी हिलिहाङ बासीलाई गौरवशाली बनाएको छ।

**गाउँसभाका सदस्यज्यूहरू,**

८. सेवा प्रवाहमा चुस्तता, पारदर्शिता सहित जनप्रिय कार्यक्रमहरू हामीले पहिलो वर्षको कार्यकालमा सुरुवात गरेका थियौं। विपद्मा तत्काल राहत उद्धार, कृषि, सहकारी र उद्यमीहरूलाई विशेष अनुदान सहितको सहायता कार्यक्रम, स्वास्थ्य संस्थाहरूबाट निःशुल्क रूपमा यथेष्ट औषधी र ल्याव सेवा, शिक्षा क्षेत्रमा विशेष लगानी, सामाजिक संस्था, सहकारी,

सामुदायिक, सांस्कृतिक, जातीय र धार्मिक संस्थाहरूलाई मागमा आधारित सहयोग, घुम्ती सेवा मार्फत टोलटोलमा सेवा सुविधा हामीले विगतका वर्षहरूमा गरेको जनता सेवाको नमूना उदाहरण हुन् ।

९. तिर्खामुक्त गाउँपालिकाको अवधारणमा बृहत खानेपानी आयोजना, लिफ्टिङ लगायतका खानेपानी आयोजना, विभिन्न आयोजनाका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी निर्माण शुरुवात हाम्रो पालिकामा सञ्चालनमा रहेको बृहत योजनाहरूमा पर्दछन् । दोस्रो वर्ष पूरा हुन नसकेका सडक पूर्वाधारहरू, हिलिहाङ बासीको घर घरमा खानेपानी सेवा, प्राथमिक स्वास्थ्य केन्द्र आगामी वर्षहरूमा सम्पन्न हुने प्रमुख योजनाहरू हुन् ।

१०.गाउँपालिका भित्र पिउने पानी तथा सिँचाईको पहुँच नभएका टोल तथा बस्तीहरूमा खानेपानी ट्याङकी निर्माण तथा फुटकर पाइप वितरण गरिएको छ ।

११.दिगो विकासको लक्ष्यको प्राप्ति तथा गरिबी निवारणका लागि विगत दुई वर्षमा लघू उद्यम विकास कार्यक्रममार्फत १६८ जनालाई सीप विकास तालिम साथै ८१ जना उद्यमीहरूलाई प्रविधि हस्तान्तरणको कार्य सम्पन्न गरिएको छ । यसै गरी विभिन्न वडाहरूमार्फत अल्पसंख्यक, दलित, महिला, आदिवासी जनजाती समुदायलाई सीपयुक्त बनाउदै लगिएको छ भने माझी समुदायको जीविकोपार्जनका लागि विभिन्न आयमूलक कार्यक्रमहरू कार्यान्वयनमा ल्याईएको छ ।

१२.आगामी चार वर्ष भित्रमा बजार क्षेत्रको नमूना व्यवस्थापन सहित व्यावसायिक प्रवर्द्धन र गाँउ वस्तीहरूमा उत्पादनमूखी कार्यक्रम मार्फत पालिकाबासीको आयआर्जन वृद्धि गरी समृद्ध पालिका बनाउन सकिने योजना अबका प्राथमिकतामा पर्नेछन् । यसै गरी भूगोल अनुसारको फलफूल तथा तरकारी खेतीका कार्यक्रमहरू कार्यान्वयनको चरणमा रहेका छन् ।

१३.अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण सहित परिचयपत्र वितरण शिविर सञ्चालन तथा जेष्ठ नागरिक दिवस तथा सम्मान कार्यक्रम सञ्चालन गरिएको छ भने मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूको स्वास्थ्य उपचार तथा पुर्नस्थापना समेतका कार्यहरू गरिएको छ ।

**गाउँसभाका सदस्यज्यूहरू**

अब म आगामी वर्ष २०८१/०८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रम यस सभा समक्ष प्रस्तुत गर्दछु ।

१. यस पालिकालाई सामाजिक न्याय सहितको नमूना पूर्वाधारयुक्त पालिकाका रूपमा विकास गर्ने परिकल्पनालाई कार्यान्वयन गर्न दीर्घकालीन सोचका साथ तयार भएको आवधिक योजनालाई कार्यान्वयन गरिनेछ ।

२. पूर्वसम्भाव्यता तथा सम्भाव्यता अध्ययन (Feasibility Study), वातावरणीय अध्ययन (IEE), विस्तृत परियोजना प्रतिवेदन (DPR) सम्पन्न भईसकेका आयोजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गरिनेछ ।
३. स्थानीय महत्वका रूपान्तरणकारी विशेष आयोजना/कार्यक्रमलाई उच्च प्राथमिकता दिई आयोजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गरिनेछ ।
४. लैंगिक उत्तरदायी बजेट, गरिबी न्यूनीकरण उन्मुख बजेट, जलवायु परिवर्तन बजेटमा विशेष प्राथमिकता दिइनेछ ।
५. गरिबी न्यूनीकरण, सुशासन प्रवर्द्धन, वातावरण संरक्षण, लैंगिक समानता तथा समावेशी विकासमा सहयोग पुर्याउने आयोजना तथा कार्यक्रमहरूमा विशेष ध्यान दिइनेछ ।
६. दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी सम्बोधन हुने प्रकृतिका आयोजना तथा कार्यक्रमहरूमा उच्च प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ ।
७. आर्थिक तथा सामाजिक रूपले पछि परेका वर्ग तथा समुदाय लक्षित रोजगारमूलक र सीपमूलक कार्यक्रमहरूमा आवश्यक बजेट विनियोजन गरिनेछ ।
८. नेपालको संविधान, २०७२ को अनुसूची - ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्पष्ट उल्लेखित गाउँपालिकाको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित क्षेत्रहरूमा प्राथमिकताका साथ वजेट विनियोजन गरिनेछ ।

**स्वास्थ्य सेवा सम्बन्धी नीति तथा कार्यक्रम**

१. प्रत्येक वडाहरूमा आधारभूत स्वास्थ्य सेवा पहुँचमा स्वास्थ्यकर्मीहरूको व्यवस्थापन गरी स्वास्थ्य संस्थाहरूको भौतिक संरचनामा सुधार तथा न्यूनतम सेवा मापदण्ड अनुसारको आम नागरिकको स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक स्वास्थ्य सेवा कार्यक्रमको व्यवस्था मिलाइएको छ।
२. मातृ तथा नवजातशिशु स्वास्थ्य सेवा अन्तर्गत सुरक्षित प्रसुति सेवामा बर्थिङ सेन्टरहरू लाई अझ गुणस्तरीय र व्यवस्थित बनाउदै आमा र नवजात शिशुको सुरक्षित स्वास्थ्य प्रति बिशेष कार्यक्रम तयार गरी आमा तथा नवजात शिशु मृत्यु दर शून्य बनाउन हिलिहाङ गाँउपालिकालाई **"जिरो होम डेलिभरी पालिका"** घोषणाको लागि आमा सुरक्षा कार्यक्रम अन्तर्गत बिभिन्न कार्यक्रम संचालन गर्ने नीति लिएको छ । जिरो होम डेलिभरी पालिका घोषणाको लागि संस्थागत सुरक्षित सुत्केरी गराउने महिलाहरूको यातायात तथा पोषण सेवाको लागि बिपन्न सुत्केरी आमासँग उपाध्यक्ष कार्यक्रम प्रभावकारीरुपमा संचालनको लागि आवश्यक बजेट तथा नीति ल्याइएको छ।
३. प्रत्येक वडाका टोल टोलमा रहेको गाँउघर क्लिनिक र खोप क्लिनिकलाई अझ व्यवस्थित गरी समुदाय केन्द्रित गुणस्तरीय स्वास्थ्य सेवा संचालनको लागि आवश्यक बजेटको व्यावस्थापन गरी नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच बढाउने लक्ष्य राखिएको छ ।

४. हिलिहाङ गाँउपालिका पूर्णखोप सुनिश्चित पालिका घोषणा भईसकेको र आगामी वर्षहरूमा समेत १५ महिना सम्मका सबै बालबालिकाहरूले पूर्णखोप पाएको सुनिश्चितता गरी पूर्णखोप पालिका दिगोपनाका लागि कार्यक्रम अगाडि बढाउने नीति लिइएको छ।

५. अति विपन्न नागरिकलाई स्वास्थ्य सेवाको सरल र सुलभ उपचारको लागि स्वास्थ्य बीमा कार्यक्रम लागू गरिनेछ।

६. पोषणमैत्री पालिका निर्माणका लागि हिलिहाङ बहुक्षेत्रीय पोषण योजना कार्यक्रम मार्फत सबै शाखाहरू परिचालना गरी क्रमशः पोषणमैत्री वडा तथा पालिका घोषणाको तयारी गर्न बजेटको व्यवस्था मिलाइएको छ । साथै कडा शीघ्र कुपोषित बालबालिकाहरूको व्यावस्थापन तथा उपचारको लागि स्वास्थ्य चौकीहरूमा आवश्यकता अनुसार OTC सेन्टर थप गर्ने नीति लिएको छ ।

७. हिलिहाङ गाँउपालिकाका सम्पूर्ण विद्यालयहरूमा नियमित विद्यार्थी स्वास्थ्य परीक्षण सेवा संचालनको लागि स्वास्थ्य शाखा मार्फत "**बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम**" संचालन गरिनेछ।

८. सबै नागरिकले आधारभूत निःशुल्क स्वास्थ्य उपचार सेवा पाउनु पर्ने मौलिक हक भएकोले हिलिहाङ गाँउपालिकाका सबै नागरिकहरूलाई आवश्यक पर्ने ल्याव परिक्षण सेवा तथा आधारभूत औषधी उपचार निःशुल्क वितरणका लागि ल्याव केमिकल र औषधी खरिद तथा व्यवस्थापनको लागि आवश्यक पर्ने बजेटको व्यवस्था मिलाइएको छ।

९. कोभिड -१९ लगायत विभिन्न महामारी रोकथामको लागि आवश्यक कोष तथा कोभिड- १९ बिरुद्धको बुस्टर खोप सबैलाई लगाउने कार्यलाई निरन्तरता दिइनेछ ।

१०.एक पालिका एक आधारभूत अस्पताल निर्माणको लागि गोपेटार प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी आधारभूत अस्पताल निर्माण कार्यलाई पूर्णता दिई अस्पताल संचालनको लागि व्यवस्था मिलाईने छ।

११.सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत जन्मजात अपाङ्ता तथा जटिल प्रसुतिको पहिचानको लागि प्रत्येक वडाहरूमा निःशुल्क भिडिओ एक्सरे कार्यक्रमलाई अझ प्रभावकारीरूपमा संचालन गरिनेछ।

१२.एकीकृत उपचार प्रणाली अन्तर्गत आयुर्वेद उपचारमा नागरिक आरोग्य सेवा केन्द्रलाई निरन्तरता दिइनेछ।

१३.मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम तथा पोषण कार्यक्रम लाई प्रभाकारी बनाउन समुदायमा परिचालित राष्ट्रीय महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाहरूको मासिक खाजा खर्च लाई निरन्तरता दिइएको छ।

१४.अपाङता भएका व्यक्तीहरूको स्वास्थ्य शिक्षा तथा जिविकापार्जनको लागि अपाङता भएका व्यक्ति तथा घर परिवार सदस्यहरूको क्षमता विकासमा अपाङता रोकथाम तथा पुनस्थापना कार्यक्रम संचालन हुदैँ आएकोमा प्रदेश सरकारको केहि साझेदारिमा पालिका बाट थप बजेट बिनियोजन गरि कार्यक्रम लाई निरन्तरता दिने नीति लिएको छ।

१५.जेष्ठ नागरिक लक्षित स्वास्थ्य परिक्षण तथा आङखस्ने महिलाहरूको लागि निःशुल्क स्वास्थ्य शिबिर संचालन गरि उपचारको व्यवस्था मिलाइनेछ।

१६.विपन्न नागरिकहरू लाई कडारोग उपचारको लागि बिपन्न नागरिक उपचार आर्थिक सहायता प्रदान गर्ने कार्यक्रम लाई निरन्तता दिइएको छ।

१७.किशोरकिशोरी स्वास्थ्य कार्यक्रम अन्तर्गत प्रत्येक वडाका स्वास्थ्य संस्थाहरू लाई किशोरकिशोरी मैत्री संस्था प्रमाणिकरण र किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवा कार्यक्रम लाई प्रभावकारी बनाइनेछ।

१८. दिगो बिकास लक्ष्य हासिल गर्न गराउन हिलिहाङ गाँउपालिका लाई TB FREE पालिका निर्माणका लागि आवश्यक क्रियाकलाप संचालन गरिने छ।

१९.समुदायमा बढदो रुपमा देखा पर्न थालेको नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धि व्यावस्थापनका कार्यक्रम लाई निरन्तरता दिइने छ।साथै कालाजार, डेंगु ,मलेरिया जस्ता किटजन्य रोगहरूको व्यावस्थापनका लागि प्रदेश तथा संघिय सरकार संग समन्वय गरि नियन्त्रण र उपचारको व्यवस्था गरिने छ।

२०.अपाङता भएका व्यक्तिहरू लाई सरल र सहजरुपमा अपाङता परिचय पत्र वितरण तथा अपाङता सहायता कक्ष (हेल्प डेक्स) को कार्यक्रम लाई आवश्यकता अनुसार निरन्तरता दिइनेछ।

**<u>शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम</u>**

१. स्थानीय भाषा, धर्म, संस्कृति, भूगोल, ज्ञान, सीप र प्रविधिहरूलाई समेटी स्थानीय आवश्यकताका आधारमा आधारभूत तह (१-८) मा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वियन गरिनेछ।

२. स्थानीय तहको शैक्षिक गुणस्तर सुदृढीकरणका लागि आवधिक शिक्षा योजना निर्माण गरी कार्यान्वयमा जोड दिइनेछ।

३. विद्यालयका IEMIS फोकल शिक्षकहरूका लागि Web based online IEMIS तालिम मार्फत आधुनिक सूचना प्रविधिमा क्षमता विकास गराई विद्यालय स्तरीय एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित, विश्वसनीय बनाउन सहयोग पुऱ्याइनेछ।

४. स्थानीय तह स्तरीय आधारभूत तह कक्षा-८ उत्तीर्ण परीक्षालाई व्यवस्थित र स्तरीकृत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५. विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गर्न बहु तह अनुगमन तथा सुपरीवेक्षण नीति (Multi Layer Monitoring and Supervision policy) तय गरिने छ, यसका लागि शिक्षक अभिभावक संघ , विद्यालय व्यवस्थापन समिति, वडाको उच्चतम कक्षा/तह संचालित विद्यालय, वडा समिति, शिक्षा युवा तथा खेलकुद शाखा, गाउँ शिक्षा समिति तथा गाउँपालिकालाई विशेष जिम्मेवार बनाइनेछ।

६. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता, सामुदायिक सिकाइ केन्द्रका परिचालिका तथा विद्यालय कर्मचारीहरूको नेपाल सरकारले घोषणा गरे बमोजिम न्यूनतम पारिश्रमिक पुऱ्याउन स्थानीय तहबाट थप गरिएको तलबलाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

७. संस्थागत विद्यालयहरूले विद्यार्थीहरूबाट लिने शुल्क निर्धारण गरी लागू गरिनेछ।।

८. शिक्षा ऐन, शिक्षा नियमावली,शिक्षा नीति, निर्देशिकाजस्ता कानुनी तथा नीतिगत व्यवस्थामार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवम् प्रबर्द्धन गर्दै लगिनेछ।

९. विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री संरचना निर्माण गर्न जोड दिइनेछ।

१०.सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा विशेष जोड दिइनेछ । जसका लागि शिक्षक, अभिभावक ,प्र.अ. जनप्रतिनिधहरू एवम् शैक्षिक सरोकारवाहरूसँग निरन्तर बैठक, छलफल तथा अन्तर्क्रियामा जोड दिइनेछ।

११.विद्यार्थीहरूको विद्यालय छोडने तथा कक्षा दोहोर्याउने दर न्यून गर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याई सिकाउने र टिकाउने रणनीति अवलम्बन गरिनेछ।

१२.सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नका लागि प्रारम्भिक बाल विकास सहजकर्ता, शिक्षक तथा कर्मचारीहरूको क्षमता विकास गरिनेछ।

१३.पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम प्रवोधीकरण कार्यशाला सञ्चालन गरिनेछ।

१४.विद्यार्थीहरूको अन्तर्निहित क्षमताको पहिचान र विकासका लागि विद्यालयहरूले प्रत्येक शुक्रवारलाई प्रतिभा प्रष्फुटन दिनको रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१५.न्यून विद्यार्थी भएका विद्यालयहरूलाई मर्ज तथा समायोजन र कक्षा घटाउनका लागि शिक्षा सरोकारवालाहरूसँग निरन्तर छलफल र समन्वय गरिनेछ।

१६.स्थानीय आदिवासी भाषाहरूको संरक्षण तथा प्रवर्द्धनमा जोड दिइनेछ।

१७. प्रारम्भिक बालविकास केन्द्रहरूलाई बाल अनुकूल शैक्षिक तथा खेल सामग्री व्यवस्थित गर्दै लगिनेछ ।

१८.बालबालिकालाई सिकाई तर्फ निरन्तर उत्प्रेरित गराई प्रतिष्पर्धात्मक भवानाको विकास गराउने उद्देश्यले पालिका स्तरीय आधारभूत तह कक्षा ८ उत्तीर्ण र SEE परीक्षामा सर्वोत्कृष्ट जी.पि.ए. प्राप्त गर्ने १/१ जना छात्र र छात्रा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

१९.बालबालिककाहरूलाई सिकाई सुधारका लागि न्युन्तम सिकाई वातारण सुधार गर्दै प्रारम्भिक कक्षा १-३ को पढाइ तथा गणितीय सिप केन्द्रित क्रियाकलापहरूलाई जोड दिइनेछ ।

२०.शिक्षकको पेशागत सहयोगका लागि विज्ञ समूह निर्माण गरी विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको काम अगाडि बढाइनेछ ।

२१. पालिका भित्रका विद्यालयहरूको निरन्तर अनुगमन, मूल्याङ्कनबाट शिक्षा क्षेत्रको गुणस्तर वृद्धिमा जोड दिइनेछ ।

२२.विद्यार्थी तथा युवाहरूको खेल प्रतिभा पहिचान तथा विकास गर्न खेलकुद कार्यक्रमलाई प्रथमिकतामा राखिनेछ ।

२३.विद्यार्थी तथा युवाहरूको खेलकुद क्षेत्रको प्रतिभा प्रष्फुटनका लागि हाल संचालन हुँदै आएका खेलकुद सम्बन्धी कार्यक्रमहरूलाई वडा तथा पालिका स्तरीय खेलकुद विकास समिति मार्फत थप व्यवस्थित गर्दै लगिनेछ ।

२४. अध्यक्षकप, उपाध्यक्षकप र स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि बजेट ब्यवस्थापन गरिनेछ ।

२५. पालिकामा खेलकुद रेफ्री विकासका लागि तालिममा सहाभागिता गराइनेछ ।

२६. विद्यालयको अवस्था र आवश्यकताका आधारमा विद्यालयलाई शैक्षिक अनुदान उपलब्ध गराउने नीति लिइने छ ।

## कृषि विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत आ.व. २०८१/८२मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम संचालन गरिनेछ।

२. गाउँपालिका भित्रका कृषकहरूको तथ्याङक एकीकृत गर्न किसान सुचीकरण कार्यक्रम र कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३. **खेतबारीमा प्राविधिक सेवा उत्पादनमा टेवा** भन्ने नाराका साथ कृषि विकास कार्यक्रमहरूको कार्यान्वयनमा प्राविधिक सहयोग, प्रविधि प्रसार, आवश्यक समन्वय र सहजीकरणका लागि कृषि स्नताक प्राविधिक परिचालनलाई निरन्तरता दिईने छ।

४. हिलिहाङ गा.पा मा व्यवसायिक चिया तथा कफि खेतिलाई विस्तार गरि उद्यमशिलता र रोजगारी बढाइनेछ।

५. बैदेशिक रोजगारिबाट फर्किएका तथा स्वदेशमै कृषि उद्यमी बन्न चाहने युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्न युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६. माटोमा अम्लियपनाले गर्दा उत्पन्न भएको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरूको आवश्यकता अनुरुप कृषि चुनको आपूर्ति गर्न स्थलगत रुपमा कृषकहरूको खेतबारीमा माटो परिक्षण सेवा उपलब्ध गराइनेछ।

७. स्थानीय स्तरमा प्रवाह हुने कृषि प्रसार सेवालाई सहज, सरल, पहुँचयोग्य, लागत प्रभावी, छिटो छरितो र गुणस्तरिय रुपमा उपलब्ध गराउन एक गाउँ एक कृषि प्राविधिकको अवधारणा अनुसार प्रत्येक वडामा कृषि प्राविधिकको व्यवस्थालाई निरन्तरता दिईनेछ।

८. गुणस्तरीय विरुवा र उन्नत प्रविधिको प्रयोगबाट मुख्य फलफुलबालीहरूको क्षेत्रफल विस्तार र वगैंचा सुदृढिकरण द्धारा उत्पादन र उत्पादकत्व वृद्धि गर्न व्यवसायिक फलफुल बगैंचा स्थापना कार्यक्रम संचालन गरिनेछ।

९. उन्नत मकैको बीउ तथा उत्पादन प्रविधि विस्तार मार्फत दिर्घकालिन रुपमा यस बालीको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१०. बिभिन्न बालीहरूमा लाग्ने रोग किराहरूको समस्याहरू नियन्त्रणको लागि यस गाउँपालिकाबाट संचालन हुदै आएको आवश्यक पर्ने बाली संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

११. विद्यालयहरूमा विद्यार्थीहरूलाई कृषि क्षेत्रमा बढ्दै गरेको रसायनिक बिषादीको प्रयोगले गर्दा मानव स्वस्थ्य हुने असर सम्बन्धी सचेत गराई बिषादीको सुरक्षित प्रयोगमा अग्रसर गराउन र रसायनिक बिषादीको असर न्युनिकरण गर्न आवश्यक तालिमको प्रबन्ध गरिनेछ।

१२.विशेष कारणले कृषि विकास शाखाबाट लाभ लिन नसकेका कृषक/कृषक समुह/कृषि फर्म/कृषि उद्यमीहरूले गरिरहेको व्यवसायलाई व्यवसायिक र दिगोरुपमा संचालन गर्न आवश्यक पूर्वाधार/समाग्री जस्ता विषयहरू सम्भाव्यता तथा आवश्यकता आधारमा तत्काल सम्बोधन गरी कृषि व्यवसायिकरणमा टेवा पुर्याउन मागमा आधारित कार्यक्रम संचालन गरिनेछ।

१३. स्थानीय माग र आवश्यकताको आधारमा स्वरोजगार बाट रोजगारि सिर्जना गर्न टोल टोलमा कृषक समुह गठन गरि युवा जनशक्तिलाई व्यवसायिक कृषि प्रणालीतर्फ थप आकर्षित बनाईनेछ।

१४. कृषि उत्पादनमा बृद्धिका लागि उचित मलखाद तथा रासायनिक मलको आपुर्तिलाई सहज बनाईनेछ।

## पशु सेवा सम्बन्धी नीति तथा कार्यक्रम

१. पशुपन्छीजन्य उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले **"उत्पादन साथमा, अनुदान हातमा"** भन्ने मूल नाराका साथ गाउँपालिकामा रहेका दर्तावाल डेरी फर्म/उद्योगहरु सम्बन्धी थप प्रोत्साहनमूखी कार्यक्रम सञ्चालन गरिने छ।

२. विभिन्न माहामारी तथा संक्रामक रोगहरुबाट पशुधनको मृत्यु भई कृषकलाई हुने आर्थिक क्षति न्युनीकरण गर्न एक घर एक उन्नत पशु विमा कार्यक्रम निरन्तरताका लागि आवश्यक बजेटको विनियोजन गरिनेछ।

३. पशुपन्छीहरुमा देखा पर्ने विभिन्न माहामारी रोग नियन्त्रण गर्न आवश्यक पशुपन्छी खोप कार्य निशुल्क सञ्चालन गरिने तथा विभिन्न समस्यामा आधारित पशु औषधीहरु प्रत्येक वडा पशु सेवा केन्द्रबाट निशुल्क वितरण गर्ने प्रवन्ध मिलाइनेछ।

४. गाउँपालिका क्षेत्रभित्र पशु नश्ल सुधार/कृत्रिम गर्भाधान गर्न गाउँपालिकामा रहेका जनशक्ति परिचालन गरि सवै वडामा कृ.ग. सेवा विस्तार गरिने तथा यस वर्ष कम्तीमा १००० पशुहरुलाई कृ.ग गराउने लक्ष्यका साथ आवश्यक बजेट विनियोजन गरिने छ।

५. अव्यवस्थित गोठ/खोरलाई बिस्थापन गर्दै असल पशुपालन अभ्यास अन्तर्गत कृषकहरुलाई लागत साझेदारीमा भकारो सुधार कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६. पशुपालक कृषकहरुलाई पशुपन्छीबाट मानिसमा समेत सर्ने जुनोटिक रोगहरु बारे सचेनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

७. कृषकहरुलाई माछापालन व्यवसायतिर आकर्षित गर्न तथा यस क्षेत्रमा माछापालन व्यवसायलाई विस्तार गर्न लागत साझेदारीमा करेसापोखरी निर्माण तथा माछाका भुरा खरिद तथा ढुवानी अनुदान प्रदान गरिनेछ।

८. हिलिहाङ गाउँपालिकामा कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन तथा प्रविष्टि गरी एकिकृत कृषि तथा पशुपन्छी प्रोफाइल तयार गरिनेछ।

९. प्रत्येक वडाका सक्रिय समूह/सहकारीमा आवद्ध कृषकहरुलाई असल पशुपालन अभ्यासका लागि व्यवसायिक पशुपालन तालिम प्रदान गरिनेछ।

१०.पशु सेवा केन्द्रको पहुचमा कठिनाई हुने कृषकहरुसँग समन्वय तथा किसानको घरदैलोमा पुगेर क्षेत्रगत पशु समस्याहरु पहिचान गरि नियन्त्रण तथा उपचारका लागि एकिकृत घुमती शिविर संचालन गरिनेछ।

## उद्यम विकास सम्बन्धी

१. गरिबी निवारण तथा उत्पादन तथा उत्पादकत्व वृद्धि गरेमा समृद्ध हिलिहाङ निर्माण सम्भव हुने यर्थाथलाई मनन गर्दै उद्यम विकासमा विशेष जोड दिईनेछ । गरिबी निवारणका लागि लघू उद्यम विकास कार्यक्रम (MEDPA) लाई निरन्तरता दिईनेछ

भने लघू उद्यमीलाई उत्पादन तथा उत्पादकत्व बृद्धि गराउन जोड दिँदै स्थानीय स्तरमा लघू उद्यम सञ्चालन गरी उत्पादन भएका वस्तुरुको बजारीकरणमा विशेष ध्यान दिइनेछ ।

२. उद्यमीहरूको मनोबल र आयस्तर बढाउन र गुणस्तरीय सामान उत्पादन को लागि मेशिन औजारमा लागत साझेदारी गरिनेछ ।
३. उद्यमीको लागि साझा सुविधा केन्द्र वा कोसेली घर संचालन गरी स्थानीय उत्पादनलाई कोसेलीको रूपमा उद्यमीले उत्पादित सामानहरूलाई बिक्री वितरणको लागि हौसला प्रदान गरिनेछ ।
४. विगतका वर्षमा सृजना भएका उद्यमीहरूलाई स्तरोन्नति गरी उत्पादित सामानलाई प्रथामिकता दिईनेछ ।
५. उद्यमीलाई स्थानीय स्रोत साधनहरुको प्रयोग गरी उद्यम सञ्चालन गर्न प्रोत्साहन दिई व्यवसायीलाई व्यवसाय दर्ता प्रक्रियाको लागि सहजीकरण गरिनेछ ।
६. उद्यमीको सहजताको लागि उद्यमी सहायता कक्ष संचालन गरिनेछ ।

## सहकारी तथा गरिबी निवारण एवम वित्तिय सम्बन्धी

१. सहकारी क्षेत्रका समस्या सुधार गर्न स्थलगत प्राविधिक सहयोग(On the Spot, Technical Support) कार्यक्रम लागू गरिनेछ। सहकारीका व्यवस्थापक कर्मचारीहरूलाई लेखा व्यवस्थापनको तालिम संचालन गरिनेछ।
२. सहकारी संस्थाको संचालक र सदस्यहरूविच आर्थिक पारदर्शिता मित्तव्ययीता व्यवस्थापनको लागि प्रत्येक वडामा वित्तिय साक्षरता कार्यक्रम साथै करदाता शिक्षा समेतको कार्यक्रम लागू गरिनेछ ।
३. ..................... थप गर्ने ।

## पर्यटन प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँ पालिका भित्रका पर्यटन प्रवर्द्धन गर्नको लागि तमोर नदिमा व्यवसायहरूको साझेदारीमा जल पर्यटन महत्सब संचालन, बालाचतुर्दशी मेला व्यवस्थापन, हिलिहाङ पर्यटिकिय क्षेत्रको प्रचार प्रसार तथा हिलिहाङ जन्म जयन्ती व्यवस्थापन गरिनेछ ।
२. पालिकाको पर्यटकीय गुरुयोजनाको माध्यमबाट हिलिहाङ क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरूको पहिचान गर्न पर्यटकीय सर्किट निर्माणमा आवश्यक पहल गरिनेछ ।

## श्रम तथा रोजगार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत हिलिहाङ गाउँपालिकाको रोजगार सेवा केन्द्रको (E-MIS) मा दर्ता भएका श्रमिकहरूलाई पूर्वाधार निर्माण तथा मर्मतका क्षेत्रमा १०० दिनको न्यूनतम ज्यालादारी सहित थप अन्य क्षेत्रमा पनि खटाउने गरिको योजनासहित प्रदेश, संघ सरकारसंगको साझेदारीको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
२. श्रमिकहरूलाई निर्माण कार्यमा खटिँदा वा कार्य सम्पादनका क्रममा आवश्यक औजार उपकरण तथा सुरक्षाका सामाग्रीहरूको व्यवस्था मिलाइनेछ ।
३. सीप विकास, क्षमता विकास, कृषि अनुदान तथा सवलिकरणको माध्यम द्वारा स्वरोजगार बनाई उत्पादन र उत्पादकत्व बृद्धि गर्दै लगिनेछ ।
४. स्थानीय तहबाट नागरिकलाई व्यवसायिक शिप विकास रोजगारी प्रवर्दन, उत्पादनशील रोजगारी सृजना, उद्यमशीलता प्रवर्दन रोजगारीमा पदस्थापना, स्वरोजगारी, बैदेशिक रोजगारबाट फर्केकाहरूलाई पुनः एकीकरण आदि कार्यक्रम सञ्चालन गर्न रोजगार रणनीति तयार तथा अद्यावधिक गरिनेछ ।
५. रोजगारीमा बालश्रम विरुद्धका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सम्बन्धी नीति तथा कार्यक्रम**

१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापनका लागि गाउँपालिकाले चालू आ.व. देखि सम्पादन गर्दै आएको कामकारवाहीहरूलाई थप प्राथमिकता दिंदै भूमिहीन दलित र सुकुम्बासीहरूलाई जग्गाधनी लालपूर्जा वितरण गर्न राष्ट्रिय भूमि आयोग सँग प्रभावकारी समन्वय गरिनेछ।
२. हिलिहाङ बासीलाई सहज अमिन सेवा प्रदान गर्ने गरी कर्मचारी व्यवस्थापन गरिनेछ।

**खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रम**

१. प्रत्येक नागरिकलाई आधारभूत खानेपानी सेवा उपलब्ध गराउन एक घर एक धाराको नीति अनुरूप गाउँपालिका भित्र सञ्चालित खानेपानीका आयोजनाहरूलाई प्राथमिकताको साथ समयमै सम्पन्न गर्ने प्रवन्ध मिलाइनेछ।
२. खानेपानी मुहानहरूको संरक्षण गरी खानेपानी अभाव भएका क्षेत्र, बस्तीहरूलाई स्वच्छ पिउने पानिको प्रबन्ध मिलाइनेछ।
३. खानेपानी उपभोक्ता संस्थाहरूलाई आवश्यकता अनुसार अनुदानको व्यवस्था गरिनेछ।
४. गाउँपालिकाको क्षेत्र भित्रका प्रमुख बजारहरूबाट उत्पादन हुने फोहोर मैला व्यवस्थापन तथा सरसफाइको लागि आवश्यक बजेटको प्रबन्ध मिलाइनेछ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. सामाजिक सुरक्षाको दायरा तथा पहुँचलाई विस्तार गर्दै लानको निम्ति आगामी आ.व.बाट वडास्तरमा नै सामाजिक सुरक्षा भत्ता वितरणको व्यस्था गरिनेछ।
२. महिला समूह, समिति तथा सहकारीहरूलाई सक्रिय बनाउदै, अनुशिक्षण तथा नेतृत्व विकास कार्यक्रमहरू सञ्चालन गरी आयआर्जनमूलक सीप विकास तालिममा जोड दिइनेछ।
३. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, सामाजिक सञ्जालको दुरूपयोग सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।
४. बालक्लव सम्बन्धी नीति बनाई बालश्रम मुक्त बालमैत्री वडा घोषणा चरणवद्ध रूपमा गरिनेछ।
५. अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण गरी परिचयपत्र वितरण शिविर, सञ्चालन तथा जेष्ठ नागरिक दिवस तथा सम्मानसाथै जेष्ठ नागरिक परिचयपत्र वितरण गरिनेछ।
६. दलित समुदायहरूको क्षमता अभिवृद्धिका लागि आयआर्जनमूलक सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

**पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. हिलिहाङ गाउँपालिकाको गौरवको योजना सल्लेरी-सुभाङ-साम्रे-पञ्चमी गाउँपालिका केन्द्र हुँदै अमरपुर जाने मोटरबाटो सडक योजनालाई कालोपत्रे गर्न प्राथमिकतामा राखेर संघ तथा प्रदेश सरकारलाई आवश्यक पहल कदमी गरिनेछ ।
२. हिलिहाङ गाउँपालिकाको गौरवका आयोजनाको रूपमा रहेको हिलिहाङ दरवार आगामी आ.व. भित्र निर्माण सम्पन्न गरी उक्त क्षेत्रलाई प्रमुख पर्यटकीय स्थलको रूपमा विकास गर्नका लागि गुरूयोजना समेत निर्माण गरिनेछ। मेची राजमार्गबाट उक्त क्षेत्रसम्म पुग्ने पक्की सडक निर्माणको कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ।

३. हिलिहाङ गाउँपालिका यातायात गुरू योजना बमोजिम गाउँपालिका भित्रका सडकहरूको प्राथमिकताकको आधारमा स्तरीकरण गरिदै लगिनेछ ।

४. हिलिहाङ गाउँपालिका भित्रका आवासीय, शैक्षिक, स्वास्थ्य, व्यापारिक तथा कार्यालय भवनहरू, बस्तीहरू, खानेपानी, बाटो जस्ता भौतिक संरचनाहरू सुरक्षित र जोखिम मुक्त तरिकाले निर्माण गर्न वातावरणीय प्रभावमूल्याङ्कनको कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

५. मृदगां झर्ना, तीन छाँगे झर्ना, आगेजुङ गुम्बालगायत हिलिहाङ गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरूको विकासका लागि डि. पि. आर. निर्माणलगायतका कार्य गर्नका लागि संघ तथा प्रदेशसँग समन्वय गरी क्रमश: पर्यटन पुर्वाधार निर्माण गरिनेछ ।

६. हिलिहाङ गाउँपालिकाको प्रशासकीय भवनसम्म जोड्ने पक्की सडक निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

७. आउँदो आर्थिक वर्ष भित्र ५ शैयाको हस्पिटल निर्माण सम्पन्न हुने गरी बजेट विनियोजन गरी सोहि वर्षबाट सेवा प्रवाह शुभारम्भ गरिनेछ ।

८. आगामी तीन वर्षभित्र सबै वडा कार्यालय भवनहरू निर्माण सम्पन्न गर्न आवश्यक प्रक्रियाहरू साथै बजेट व्यवस्थापनका लागि विभिन्न तहका सरकार तथा कार्यालयहरूसँग समन्वय तथा पहल गरिनेछ ।

९. २ नं. वडाको प्रशासकीय भवन आगामी आ.व. भित्र निर्माण सम्पन्न हुने गरी बजेट व्यवस्थापन गरिनेछ । साथै वडा नं ६ को वडा कार्यालय निर्माणका लागि जग्गा प्राप्तिको कार्यलाई पूर्णता दिइनेछ ।

१०. यस गाउँपालिकाको स्वास्थ्य चौकीहरूको भवनहरूको स्तरोन्नती गरिदैँ लगिनेछ । आगामी आ.व.मा सङ्घीय सरकार सँगको समन्वयमा अमरपुर स्वास्थ्य चौकीको आधुनिक भवन निर्माण गरिनेछ ।

११. हिलिहाङ गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक भौतिक पूर्वाधारहरूको संरक्षण एवं सम्वर्द्धन गर्दै लगिनेछ ।

१२. हिलिहाङ -६ स्थित जोरपोखरी खेलमैदानलाई सुविधा सम्पन्न रंगशाला बनाउन आवश्यक पहल गरिनेछ ।

१३. तमोर लिफ्टिङ मार्फत सिचाँई गर्न सकिने क्षेत्रहरूको संभाव्यता अध्ययनको कार्यलाई प्राथमिकता दिइनेछ ।

**वन, वातावरण तथा विपद ब्यबस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

१. विकास र वातावरण बीच सन्तुलन कायम गर्न नीति लिइनेछ । वनको दिगो ब्यबस्थापन गरी आय वृद्धि, जीविकोपार्जन सुधार, वातावरण संरक्षण र वनविनाश तथा वनक्षयीकरण न्यून गरिनेछ।

२. वन वातावरण संरक्षणका लागि समुदायको सहभागितामा वृक्षरोपण, मुहान संरक्षण, डँढेलो नियन्त्रण जस्ता कार्यहरू गर्न उत्प्रेरित गरिनेछ । अर्थतन्त्रमा योगदान पुर्याउने गरी सामुदायिक वन व्यस्थापनलाई उत्पादन र रोजगारमूलक बनाउन थप कानून निर्माण गरी सहजीकरण गरिनेछ ।

३. प्रभावकारी अनुगमन मार्फत क्रसर उद्योगहरूलाई कानुनको दायरामा ल्याइनेछ। विपद् नियन्त्रण तथा पुर्नस्थापनाका लागि विशेष कार्ययोजना बनाई कार्यन्वयनमा ल्याइनेछ ।

४. हिलिहाङ गाउँपालिका भित्र सुख्खा क्षेत्र र पानीको मुहान संरक्षणका लागि कृत्रिम पोखरी निर्माणको लागि डि.पि.आर. निर्माण गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. नेपालको संविधानको अनुसूची ८ बमोजिम आफ्ना अधिकारक्षेत्रका विषयमा नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ। जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने प्रकृतिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
२. जनउत्तरदायी स्थानीय सरकारको अनुभूति गराउन डिजिटल नागरिक वडापत्र, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउँदै स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम र व्यवसायिक बनाउँदै आर्थिक एवं वित्तीय सुशासनलाई प्रवर्द्धन गरिनेछ। सूचना सम्प्रेषणको लागि सूचना प्रविधिको विकास तथा उपयोगबाट सर्वसाधारणको सूचनामा पहुँच सुनिश्चित गरिनेछ।
३. स्थानीयस्तरमा हुने विवाद निरूपण गर्न हरेक वडामा रहेका मेलमिलाप केन्द्रहरूलाई थप सुदृढीकरण गरिनेछ। गाउँपालिकाको न्यायिक समितिको र मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
४. करारमा नियुक्ति भई कार्यरत रहेका कर्मचारी तथा कार्यालय सहयोगीहरूको तलब सुविधालाई निरन्तरता दिइएको छ।
५. पालिकाको वस्तुपरक अवस्थाको मूल्याङ्कन गर्दै डिजिटल भिलेज प्रोफाइल निर्माण गरी सोही बमोजिमका योजना तथा कार्यक्रम तथा नीतिहरू तय गरिनेछ।
६. अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षणलाई थप प्रभावकारी तथा नियमित गरिने छ।

## राजस्व तथा स्रोत परिचालन नीति तथा कार्यक्रम

१. गाउँपालिकाको प्राप्त श्रोतलाई पारदर्शी, मितव्ययी, चुस्त र आर्थिक सुशासन कायम गर्ने गरी मौजुदा बेरूजुलाई हटाई तथा थप बेरुजु सिर्जना नहुने गरी स्रोतको प्रभावकारी उपयोगमा ध्यान दिइनेछ।
२. गाउँपालिकाको आय र व्यय विवरणलाई आम नागरिकलाई नियमित सुसुचित गराउन गाउँपालिकाको दायित्व भएकोले यस कार्यलाई मासिकरुपमा गाउँपालिकाको वेव साईटमा प्रकाशन गरिनेछ।
३. चालू खर्चलाई बाञ्चित सिमामा राखी पुँजीगत खर्च क्षमता अभिवृद्धि गर्ने गरी कार्ययोजना तयार गरिनेछ।
४. आन्तरिक आयलाई लक्ष्य अनुरुप प्राप्त गर्न हिलिहाङ गाउँपालिकाले तयार गरेको आगामी तीन वर्षे राजश्व सुधार योजना, गाउँपालिको आगामी आ.व.को लागि तय गरिएको आर्थिक ऐनलाई पूर्ण कार्यान्वयनको लागि त्रैमासिक अभियानको रुपमा नियमित राजश्व गस्ती गरिनेछ।
५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको बोलपत्र समयमै आव्हान गरी हिलिहाङ गाउँपालिकाले तयार गरेको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुरुप कर संकलन कार्य लागू गरिनेछ।
६. सम्पती करलाई आ.व. २०८१/०८२ देखि नै लागू गर्ने गरी घरजग्गा वर्गीकरण सम्बन्धी कार्यक्रम अनिवार्य लागू गरिनेछ।
७. सामाजिक न्याय र समतामूलक कर प्रणालीलाई लागू गर्दै सबै क्षेत्रलाई करको दायरामा लाउन करदातामैत्री कर प्रशासन र करदाता शिक्षा लागू गरिनेछ।
८. करको दायरामा नआएका व्यवसायी, उद्यमी पहिचान गरी करको दायरामा ल्याउनको प्रभावकारी रुपमा पहल गरी करको दायरामा ल्याइनेछ।
९. आम नागरिकलाई राजश्व दाखिला गर्ने कार्यलाई सहज र सरलताको Online मा आधारित स्थानीय तह राजश्व पोर्टल राजश्व भुक्तानी प्रणाली लागू गरिनेछ।

गाउँपालिकाको नीति तथा कार्यक्रमको सफल कार्यन्वयनका लागि सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, अन्य सरकारी निकाय, राजनीतिक दलहरू, सामाजिक संघसंस्थाहरू, निजी तथा सहकारी क्षेत्र, साझेदार संस्था, नागरिक समाज लगायत सम्पूर्ण शुभेच्छुकहरूको सद्भाव, सहभागिता, साथ र सहयोग रहने पूर्ण विश्वास लिएको छु। नीति तथा कार्यक्रम तथा बजेट निर्माण र

प्रभावकारी कार्यान्वयनमार्फत विकासका लक्ष्य हासिल गर्न रचनात्मक सहयोगको निरन्तर अपेक्षा राख्दै सम्पूर्ण गाउँपालिकाबासी एवम् सबै सरोकारवालाहरूमा हार्दिक आभार प्रकट गर्दछु । सबै पालिकाबासीको साथ सहयोगको अपेक्षा गर्दछु । धन्यवाद !!!

**प्रस्तुतकर्ता**

समर बहादुर अधिकारी

गाउँपालिका अध्यक्ष एवम् सभाध्यक्ष

हिलिहाङ गाउँपालिका, पाँचथर

इति सम्वत् २०८१ साल असार महिना १० गते रोज २ शुभम्